
# लेखापरीक्षण प्रतिवेदन

# सर्केगाड गाउँपालिका, हुम्ला

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# सर्केगाड गाउँपालिका, हुम्ला

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/535

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
सर्केगाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
हुम्ला।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदना (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.६ करोड ५० लाख ८२ हजार, एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रमको रु. ५ लाख ९९ हजार, आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.१८ लाख ४८ हजारसमेत रु. ६ करोड ७५ लाख २९ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.९७ करोड ५६ लाख, ३० हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड ७७ लाख ९९ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु.३२ लाख ३६ हजार फस्यौर्ट भई बाँकी बेरुजु रु.२ करोड ४५ लाख ६३ हजारमध्ये असुल गर्नुपर्ने रू.२५ लाख २२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १२ लाख ७५ हजार र नियमित गर्नुपर्ने रु.१ करोड ७ लाख ६६ हजार रहेको छ। गत वर्षसम्म रु.३२ करोड ४२ लाख २२ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष रु.१६ लाख ४२ हजार फस्यौंट भई हालसम्मको अद्यावधिक बेरुजू रु.३४ करोड ७१ लाख ४३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सर्केगाड गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी सर्केगाड गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३२ | ६१ | २,७७,९८,७३५ | ० | १६ | ३२,३६,१६७ | ० | ३२ | ४५ | २,४५,६२,५६८ | २५,२२,१३९ | १,०७,६५,४३३ | १,१२,७४,९९६ | ० | ० | २,२०,४०,४२८ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| हुम्ला | ३२,४२,२२,००० | ० | १६,४१,८०० | ३२,२५,८०,२०० | ० | २,४५,६२,५६८ | ३४,७१,४२,७६८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | | स्तरवृद्धि पछि समायोजन ग्रेड | ४०,०४० |
| २ | २०८०/८१ | | संचयकोष र नागरिक लागानी कोष बढी भुक्तानी | ४६,२२७ |
| ३ | २०८०/८१ | | दोहोरो भुक्तानी | ६७,९०० |
| ४ | २०८०/८१ | | करारलाई महंगि भत्ता | १,४४,००० |
| ५ | २०८०/८१ | | DPR जिन्सी दाखिला नभएको | २९,३८,००० |
| ६ | २०७९/८० | | बैठक भत्ता : | ४१,८०० |
| ७ | २०७८/७९ | | पेश्की बांकी | १६,००,००० |
| | | | | |

| | |
|---|---|
| जम्मा | ४८,७७,९६७ |

# (८०६६४५०६३०० - सर्केगाड गाउँपालिका, हुम्ला )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस सर्केगाड गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, ३०६.७ वर्ग किलोमिटर क्षेत्रफल तथा १०,६८८ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।२४ देखि २०८१।५।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय - व्ययतर्फ रु. ९७ करोड ५६ लाख ३० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय प्रतिवेदन**

| | सर्केगाड गाउँपालिका एकिकृत आर्थिक विवरण २०८०/०८१ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | २५९०६२८३ | १ | चालु खर्च स्थानिय,प्रदेश सघ | २६०१७३२६३ | ३७९७५०७८१ |
| | क) सञ्चीत कोष बैंक मौज्दात | २४१०७७६८ | 0 | २ | पूँजीगत खर्च | ११९५७७५१८ | |
| | ख) विविध बैंक मौज्दात | ६८१६५० | | ३ | वित्तिय व्यवस्था भुक्तानी | 0 | |
| | ग_ विपद व्यवस्थापन कोष बैंक मौज्दात | ४५८१०५ | | | | 0 | |
| | घ_ धरौटी बैंक मौज्दात | ६५८७६० | | | | | |
| | | | | | | | |
| २ | राजस्व ( आन्तरिक आय) | | 64138387 | | क) ऋण भुक्तानी | 0 | |
| | क) आन्तरिक राजस्व | १४६४७७४ | | | ख) ब्याज भुक्तानी | 0 | |
| | ख) राजस्व बाँडफाँड | ६२६७३६१३ | | | ग) अन्य भुक्तानी | 0 | |
| | ग) अन्य आय | 0 | | ४ | लगानी | 0 | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | २९४८१८२२८ | | ऋण लगानी | 0 | |
| | क) वित्तिय समानीकरण अनुदान | ७२०७५००० | | | शेयर लगानी | 0 | |
| | ख) संघीय चालु | १८५११२००० | | | अन्य लगानी | 0 | |
| | ग) संघीय पुंजिगत | २८९००००० | | | | | |
| | ग) समपूरक अनुदान | ० | | ५ | धरौटी फिर्ता | | ० |
| | घ) विशेष अनुदान | ८७३१२२८ | | ६ | विपद व्यवस्थापन कोष | ० | ० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ६०४१५७२३ | ७ | विविध खर्च खाता खर्च | १४७७०६५ | १४७७०६५ |
| | क) वित्तिय समानीकरण अनुदान | ८४३७००० | | ८ | मौज्दात | | |
| | ख) सशर्त अनुदान | ४५५२५००० | | ९ | अन्तसरकारी अख्तियारी - सङ र प्रदेश सरकार_ **CGAS** ® बाट प्राप्त | 67529263 | 67529263 |
| | ग) समपुरक अनुदान | ३२४८७२४ | | १० | क) बैंक मौज्दात | २९३७२९६४ | २९३७२९६४ |
| | घ) विशेष अनुदान | ३२०४९९९ | | ११ | ख) नगद मौज्दात | 0 | 0 |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | ० | | १२ | शसर्त अनुदान फिर्ता | ३४३५५३६१ | 34355361 |
| ६ | अन्य | ० | १४२८५३१ | १३ | गत बर्षको बढी अल्या | 0 | |
| | क) सर्केगाड गाउँपालिका विविध खर्च खाता | ० | | १४ | जनश्रमदान मौज्दात | 0 | 0 |
| | ख) सडक बोर्ड नेपाल | ० | | १५ | धरौट मौज्दात | ४८४५८६३ | ४८४५८६३ |
| | ग) पर्यटन बोर्ड नेपाल | ० | | १६ | विविध खर्च खाताको मौज्दात | ६३४११६ | ६३४११६ |
| | घ) पि= एल = जी = एस = पि = | ३८०९९९ | | १७ | प्रकोप व्यवस्थापन कोष | ४५८१०५ | ४५८१०५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | मौज्दात | | |
| | ङ_ स्थानीय पुर्वाधार सहयोग कार्यक्रम | 0 | | १८ | ससर्त अनुदान रकम कोष फिर्ता | | ० |
| | च_ तिलगंगा आखा अस्पताल | ८४४५६० | | १९ | | | |
| | छ) अन्य विविध खातामा | २०२९७२ | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | 0 | | | | |
| | विपद व्यवस्थापन कोष | ० | | | | | |
| ८ | अन्तसरकारी अख्तियारी - सङ र प्रदेश सरकार_CGAS® बाट प्राप्त आय | | ६७५२९२६३ | | | | |
| | क) सघिय सरकार | ६५०८२०६३ | | | | | |
| | क) प्रदेश सरकार | २४४७२०० | | | | | |
| ९ | धरौटी आय | ४१८७१०३ | 4187103 | | | | 0 |
| ११ | अन्य विविध आय | 0 | 0 | | | | |
| | जम्मा | ५१८४२३५१८ | ५१८४२३५१८ | | | ५१८४२३५१८ | ५१८४२३५१८ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## ३ तलवी प्रतिवेदन

निजामती ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई गाउँपालका चालु तर्फ रु. १ करोड ३३ लाख ९९ हजार र सघीय सशर्त (स्वास्थ्य)तर्फ रु २ करोड १९ लाख ६३ हजार गरी कुल रु ३ करोड ५३ लाख ६२ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता तथा ग्रेड भुक्तानी भए नभएको एकीन गर्न सकिएन । समयमै तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## ४ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यस्तै दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले १ जना डिट्ठा र ९ जना प्रसाशन सहायक (चौथो) सहित विभिन्न पदमा कर्मचारीहरू करारमा राखी चालु आ.व.मा रू.९९ लाख ८ हजार खर्च लेखेको छ । प्राप्त विवरण अनुसार उक्त करार कर्मचारीहरु मध्ये प्रशासन सहायक ४ जना दरवन्दी भन्दा बढी देखिएको अनियमित भएको रु

| | |
|---|---|
| अनियमित भएको | १२,७७,२८० |

## ५ पाम्सको प्रयोग

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२ को प्रावधान एवं महालेखा नियन्त्रण कार्यालयको प. स. २०७७।७८ चलानी नं ३१९ मिति २०७७।७।२६ को पत्रमा सार्वजनिक सम्पतिको लेखांकन, प्रतिवेदन र एकीकृत विवरण तयार गर्न संघ र प्रदेशका सबै सरकारी कार्यालयहरुमा एवं सबै स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) आ.व २०७७। ७८ देखि अनिवार्य रुपमा कार्यान्वयन गर्ने गराउने व्यवस्था रहेको छ । पालिकाले चालु आर्थिक वर्षमा नेटले काम नगरेको जनाइ पाम्स

सफ्टवेयरको आंशिक रुपमा मात्र प्रयोग गरेको छ । उल्लेखित ऐन तथा महालेखा नियन्त्रण कार्यालयको परिपत्रले तोकेअनुसार पाम्स सफ्टवेयर पूर्ण प्रयोग गर्नु पर्दछ ।

## ६ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

## ७ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ८ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ९ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** | |
|---|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | | |
| पुँजीगत खर्चतर्फ | ११८८२२३६७ | ८७३६६४१ | १३४९७०६२ | १५६८९९३८ | ८०८९८७२६ | ७४१९१६७० | |
| प्रतिशत | १०० | ७.३५ | ११.३६ | १३.२० | ६८.०८ | ६२.४४ | |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ११८८२२३६७ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ८७३६६४१ (७.३५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १३४९७०६२ (११.३६प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १५६८९९३८ (१३.२० प्रतिशत) र चौथो

त्रैमासिकमा रु. ८०८९८७२६ (६८.०८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७४१९१६७० (६२.४४प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१० **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार कुल १४९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | विभिन्न | १३७ | ४० | २३ | ७४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४०२१०५०० | २४३००४२९ | ६.४२ |
| २ | पूर्वाधार विकास | १४३२२०००० | ८७३१७११० | २३.०९ |
| ३ | सामाजिक विकास | १९०५६८००० | १६६९६९६७६ | ४४.१४ |
| ५ | संस्थागत विकास,सेवा प्रवाह र सुशासन | ६२००००० | ६०७९६२५ | १.६१ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०७४७४८४६ | ९३५७३६३४ | २४.७४ |
| **जम्मा** | | ४८७६७३३४६ | ३७८२४०४७४ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४४.१४ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा १.६१ प्रतिशत रहेको छ ।

१२ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु १४६४७७४ राजस्व बाँडफाँड र अनुदानबाट रु ४१७९०७५६४।१२ समेत रु ४१९३७२३३८।१२ आम्दानी भएकोमा चालु तर्फ रु २५९४१८१०७ र पूँजिगत तर्फ रु ११८८२२३६७ समेत रु ३७८२४०४७४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ६०६१७७० खर्च भएको छ जुन आन्तरिक आयको ४१३.८३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.५८ प्रतिशत चालु र ३१.४२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम

सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१३ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु ४९ करोड १८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । बजेट खर्च गर्ने अख्तियारी निर्धारित समयसिमाभित्र दिनुपर्दछ ।

१४ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले महालेखापरीक्षकबाट २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । गाउँपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

१४.१ वित्तीय विवरणको यथार्थता - स्थानीय सरकर सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाको आर्थिक कारोबारको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले वर्षभरी गरेको सम्पुर्ण आर्थिक कारोबारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत आर्थिक विवरण ( म.ले.प.फा.नं. २७०) प्रणालिबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६५०८२०६३, एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रमको रु ५९९१९९ र आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहित तथा घाइते अपाङ्ग र जनयुद्ध भत्ता १८४८००० समेत गरी रु ६७५२९२६२ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

१४.२ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु २४००६३१९ मौज्दात रहेकोमा यो वर्ष रु २५९०६२८३ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु १८९९९६४ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ

१४.३ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता भन्दा बैङ्कमा रु १५०८६१७ बढी मौज्दात रहेको पाइयो । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ३०५६४५९९.५ | २९३७२९६४.७ | (११९१६३५) |
| चालु खर्च खाता | (४४५०००) | ० | ४४५००० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | १०४२९०.९८ | ६३४११६.९८ | ५२९८२६ |
| विपद व्यवस्थापन खाता | ० | ४५८१०५ | ४५८१०५ |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| धरौटी | ४२९०१३० | ४८४५८६३ | ५५५७३३ |
| ग१.१, आन्तरिक राजस्व खाता | ३८५६८९ | ६३९१७२ | २५३४८३ |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ४५८१०५ | ४५८१०५ |
| आन्तरिक अनुदान | ० | ० | ० |
| **जम्मा** | | | १५०८६१७ |

१४.४ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनले सबै कारोबार नसमेटेको कारण पालिकाले सबै आर्थिक कारोबार समावेश गरी छुट्टै एकिकृत आर्थिक विवरण तयार गरी पेश गरेको छ । उक्त दुई विवरणहरुमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ४९२१२६१, यस वर्षको प्राप्ति रु. १०२८६७२०३.८३ ,यस वर्षको भुक्तानी रु. १०३५६१६८७ र बैङ्क मौज्दात रु ४२२६७७७.३ फरक परेको छ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्रअनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | २०९८५०२२.३३ | ३८८१३९७२३.१७ | ३७८२४०४७४.८० | ३०८८४२७०.७० |
| एकीकृतआर्थिक विवरणअनुसार | २५९०६२८३ | ४९१००६९२७ | ४८१८०२१६२ | ३५१११०४८ |
| फरक | ४९२१२६१ | १०२८६७२०३.८३ | १०३५६१६८७ | ४२२६७७७.३ |

सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

## १५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

वजेट व्यवस्थापनतर्फ:

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन

• गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको देखिएन

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो

बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको देखिएन

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरेको पाइएन

• गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन

भ्रमण खर्च व्यवस्थापनतर्फ:

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित गरी राखेको पाइएन

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरेको देखिएन

खरिद व्यवस्थापन तर्फ:

• गाउँपालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाइएन

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी भएको पाइएन

• गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन

• उपभोक्ता समितिलाई दिएको सम्पुर्ण कामको अनुगमन गरेको पाइएन, कतिपय अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको पाइएन

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गरेको पाइएन

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख राखेको पाइएन

शिक्षातर्फ:

• गाउँपालिकाले विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन भएको देखिएन

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको देखिएन

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको देखिएन

• • संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको देखिएन

विविध तर्फ:

• गाउँपालिकाले मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको छैन

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्नुपर्नेमा कतिपय भौचरसंग विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको पाइयो

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको पाइएन

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको पाइएन

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको देखिएन

म. ले. प. फाराम ८०१ – बेरुजु लगत

म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको पाइएन

## १६ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । कार्यालयमा आन्तरिक लेखापरीक्षक नियुक्ती गरेको देखिएन । आन्तरिक लेखापरीक्षक नियुक्ति गरी कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## १७ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## १८ खाना तथा विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले खाना/खाजा तथा विविध तर्फ यस आर्थिक वर्षमा वडातर्फ रु २१ लाख ९२ हजार र पालिका तर्फ रु. २१ लाख ०५ हजार गरी जम्मा रु ४१ लाख ९७ हजार खर्च लेखेको छ। विविध खर्च सम्बन्धि सीमा निर्धारण गरी मापदण्ड बनाएर यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

## १९ फरक शिर्षकमा खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको यकिन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहाबमोजिम विनियोजन भएको बजेटबाट फरक शीर्षकमा रु २९,४४,८४७ खर्च गरेको पाइयो । यसरी नियमावली बिपरित खर्च शीर्षक फरक पारी खर्च लेख्ने कार्य नियमित नभएको रु

| गो.भौ.नं./मिति | खर्चशिर्षक | खर्च | रकम | |
|---|---|---|---|---|
| ४४१-०८०/३/२० | पारिश्रमिक कर्मचारी (२११११) र कर्मचारी प्रोत्साहन (२११३५) | करार कर्मचारीको तलब भत्ता भुक्तानी | ७६१८६१ | |
| ४४२-०८०/३/२० | पदाधकारी वैठक भत्ता () | करार कर्मचारीको तलब भत्ता भुक्तानी | ६५६००० | |
| ४४३-०८०/३/२० | पदाधकारी वैठक भत्ता () | करार कर्मचारीको तलब भत्ता भुक्तानी | ३९४८२४ | |
| ४५४-०८०/३/२१ | पदाधिकारी वैठक भत्ता, विविध र कर्मचारी पोशाक खर्च | करार कर्मचारीको तलब भत्ता भुक्तानी | ३५६००० | |
| २२८-०८०/१०/२९ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च (२२३१५) | विभिन्न कार्यालय सामग्री तथा मसलन्द खरिद | ४९७७६२ | |
| ४३६-०८१/३/२० | मसलन्द तथा कार्यालय सामग्री (२२३११) | वडा नं ५ का कार्यालय सहायक चेतना सुनारका विभिन्न खाजा/खानाको विल भुक्तानी | ७७५२० | |
| ३०१-०८१/१/२२ | मसलन्द तथा कार्यालय सामग्री (२२३११) | वडा नं ४ प्र.स.श्री गोर्ख ब. शाहीलाई खाजा/खानाको वापत् भुक्तानी<br>विल नं ८१ कर्णाली फुड ल्याण्ड रु १९८८०<br>९७,९०र ९८ शाही हुम्ली होटल रु ५८२५०<br>६५३ सत्य किराना पसल रु १४५०० | ९२६३० | |
| ४१६-०८१/३/१८ | औषधी खरिद खर्च (२७२१३) | आँखा शिविर संचालन गरेको जनाई विभिन्न्न खाजा/खानामा खर्च | १०८२५० | |
| | **जम्मा** | | **२९४४८४७** | |

| | |
|---|---|
| अनियमित भएको | २९,४४,८४७ |

२० **खर्चको पुष्ट्याई**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली ,२०७७ को नियम ३९ उपनियम (५) मा खर्च गर्दा खर्चको पुष्ट्याई हुने विल भरपाई र प्रमाण कागजात संलग्न गर्नुपर्ने र उपनियम (१०) मा जिम्मेवार व्यक्तिले खर्चको रीत पगे नपुगेको र प्रमाण कागजात संलग्न रहे नरहेको हेरेर मात्र भुक्तानी दिनुपर्ने प्रावधानहरु रहेका छन् । पालिकाले निम्न कारोबारमा आवश्य प्रमाण तथा कागजात संलग्न नगरेको नदेखिएको ले सो पेश गर्नुपर्ने रु

| भौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|---|
| ४२५-०८१/३१९/ | वडा नं ८ मा २२५ जोडी खरायो खरिद | थाली निव्यालो अपाङ्ग कृषि तथा पशुपालन समूह | २००००० | १०० जोडी खरायोको वितरण भरपाई नरहेको |
| ७-०८०/४/२० | सवारीसाधनमर्मत | जसबऐडी | ३००००० | मर्मत,सम्भार तथा संरक्षण आवेदन र अभिलेख संलग्न नरहेको |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

२१ **ईन्धन सुविधा**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ९ (१), (२) र (३) मा गाउँपालिकाको अध्यक्ष ,उपाध्यक्ष र वडा अध्यक्षलाई सम्बन्धित स्थानीय तहको आन्तरिक आय र राजश्वको अवस्था एवं कार्यबोझ समेतलाई दृष्टिगत गरी सम्बन्धित सभाको निर्णय गरी अनुसूची-१ बमोजिमको इन्धन उपलब्ध गराउने व्यवस्था भए पनि कार्यपालिका

सदस्यलाई इन्धन उपलब्ध गराउने सम्बन्धमा कुनै व्यवस्था गरिएको देखिदैन् । यसरी गाउँपालिका सदस्यलाई इन्धन उपलब्ध गराउने व्यवस्था नभएको अवस्थामा गाउँपालिकाले यो वर्ष देहाय पालिका सदस्यहरूलाई सवारी ईन्धन वापतको नगद रकम भुक्तानी गरेको पाइएकोले सो असूल गर्नु पर्ने रु

| सि.नं | नाम थर | पद | महिना | प्रति महिना लिटर | जम्मा लिटर | ईन्धन दर | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | आइती ऐडी | का.पा.सदस्य | १० | १० | १०० | १७० | १७००० |
| २ | बासु कामी | का.पा.सदस्य | १० | १० | १०० | १७० | १७००० |
| ३ | याङ्गी थापा | का.पा.सदस्य | १३ | १० | १०० | १७० | १७००० |
| ४ | सुपारी शाही | का.पा.सदस्य | १३ | १० | १०० | १७० | १७००० |
| ५ | ज्ञानसिंह वि क | का.पा.सदस्य | १३ | १० | १०० | १७० | १७००० |
| ६ | रतिवाने वि.क. | का.पा.सदस्य | १३ | १० | १०० | १७० | १७००० |
| **जम्मा** | | | | | | | **१,०२,०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०२,००० |

२२ **सम्भाव्यता अध्ययन/ डी.पी.आर**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष रु ८६,९२,७०४ खर्च गरेको छ । यसरी डी. पी. आर गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययीता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । यस्ता सम्भाव्यता अध्ययन तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एवम कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यालयले ध्यान पुर्याएको छैन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्च सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ ।

| बजेटउपशिर्षक | गोभौनरमिति | खर्चकोबिबरण | फर्म | रकमरु | कैफियत |
|---|---|---|---|---|---|
| गा.पा.पूँजीगत | २०७।०८१। ३।२३ | सर्केगाड खानेपानी योजना DPR | खरि इन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा.ली. कुपन्डोल | १६९५००० | ३ थान DPR जिन्सी दाखिला (PAMS) नभएको |
| गा.पा.पूँजीगत | २०७।०८१। ३।२३ | सर्किगाड कृषि प्रर्वधन केन्द्रको भवन निर्माण DPR | मारुती डिजाइनर प्रा.ली. | १२४३००० | ३ थान DPR जिन्सी दाखिला (PAMS) नभएको |
| गा.पा.पूँजीगत | २०९।०८१। ३।२४ | सर्किगाड गा.पा.गुरुयोजना | Bric कन्सल्टेन्सी प्रा.ली, ललितपुर | १८०२०० | ३ थान DPR जिन्सी दाखिला (PAMS) नभएको |
| | ४७।०८१। ३।२४ | सर्किगाड गा.पा.गुरुयोजना | | १६२४५०४ | |
| | ६-०८०।४। २० | स्यालतडी-छ्यागी देखि बराइ सडकको DPR | सुरक्षा कन्सल्टेन्सी एण्ड विल्डर्स | १९७५००० | DPR जिन्सी दाखिला (PAMS) नभएको |
| | ७-०८०।४। २० | पानीमुल देखि जैर सडकको DPR | अल्फा विल्डर्स एण्ड डेभलर्स | १९७५००० | DPR जिन्सी दाखिला (PAMS) नभएको |
| **जम्मा** | | | | ८६,९२,७०४ | |

२३ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धामा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न हुदैन भन्ने व्यवस्था छ । यस कार्यालयले देहायको बजेट उपशिर्षकबाट बिभिन्न सप्लार्यस तथा फर्महरुबाट सोझै खरिद गरी रु ५२,९५,७४७/- भुक्तानी दिएको देखन्छि ।दरभाउपत्र तथा बोलपत्रको माध्यम बाट गर्नुपर्ने एउटै प्रकृतिको कार्य नियम विपरीत प्रतिस्पर्धामा सिमित हुने गरी खर्च गरिएको छ । यसरी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| बजेटउपशिर्षक | गोभौनरमिति | खरिदकोबिबरण | रकमरु |
|---|---|---|---|
| संघीयपूँजीगत | ३।०८०।८।४ | | २११९९७ |
| संघीयपूँजीगत | २९।०८१।३।१७ | क्यामराखरिद | ९३५०० |
| संघीयपूँजीगत | ३०।०८१।३।१९ | फर्निचरखरिद | ९१२५० |
| गा.पा.पूँजीगत | २०७।०८१।३।२३ | DPR | १६९५००० |
| गा.पा.पूँजीगत | २०७।०८१।३।२३ | DPR | १२४३००० |
| गा.पा.चालु | ८,१३,१२-०८०/४/ | मसलन्दतथाकार्यालयसामग्रीवापतलजिकइन्फोटेक,रोयलअर्डरसप्लायर्सलगायतअन्यलाईभुक्तानी | २०००००० |
| **जम्मा** | | | **५२,९५,७४७** |

२४ **दर विश्लेषण फरक**

सार्वजनिक खरिद नियमावली,२०६४ नियम १० (४) निर्माण कार्यको लागत अनुमान तयार गर्दा मेशिन तथf उपकरणको भाडा निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले तोकेको दररेटका आधारमा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायको निर्माण कार्यमा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटभन्दा देहाय अनुसार बढी भाडादर निर्धारण गरी लागत अनुमान तयार गरको र सोही अनुसार भुक्तानी दिएको ले रु ११,०५,३७१ बढी भुक्तानी भएछ । यसरी बढी भुक्तानी रकम सम्बन्धितबाट असूल गर्नु पर्ने रु

| बजेटउपशिर्षक | गोभौनरमिति | आईटको नाम | कामको परिमाण | भुक्तानी दर | नर्म्स अनुसार भुक्तानी हनु पर्ने दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| संघीयपूँजीगत | १५।०८०।११।२७ | Roadway ex.All type soil | २७२२.२४ $m^3$ | ३०९ | १०५.९१ | ५३२५५० |
| संघीयपूँजीगत | १५।०८०।११।२७ | O/R Rock | १५ $m^3$ | ६३८.७५ | ३०२ | ५०५१ |
| संघीयपूँजीगत | १५।०८०।११।२७ | Hard Rock | १००.०३ | ५९७८ | ३०२ | ५६७७७० |
| **जम्मा** | | | | | | **११,०५,३७१** |

| असुल गर्नुपर्ने | ११,०५,३७१ |
|---|---|

२५ **प्रमाण पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली ,२०७७ को नियम ३९ उपनियम (५) मा खर्च गर्दा खर्चको पुष्ट्याई हुने विल भरपाई र प्रमाण कागजात संलग्न गर्नुपर्ने र उपनियम (१०) मा जिम्मेवार व्यक्तिले खर्चको रीत पगे नपुगेको र प्रमाण कागजात संलग्न रहे नरहेको हेरेर मात्र भुक्तानी दिनुपर्ने प्रावधानहरु रहेका छन् । निर्माण व्यवसायीलाई PS बाट ल्याव टेष्ट वापत भ्याट समेत रु ५६५०० भुक्तानी दिएकोमा ल्याव टेष्ट गरेको प्रमाण र विल पेश नभएका ले असुल गर्ने रु

| असुल गर्नुपर्ने | ५६,५०० |
|---|---|

२६ **अनुपातिक कट्टी**

उपभोक्ता समितिसँग सम्झौता गरेर गर्ने निर्माण कार्यमा योजनाको कुल लागतको कम्तिमा १० प्रतिशत जनसहभागिता हुनुपर्ने गरी गाउँपालिकाको कार्यपालिका निर्णय गरेको छ । यस गाउँपालिकाले देहायका योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा कार्यपालिकाको निर्णय अनुसार रु ५,२२,१८७/- घटी जनसहभागिता कट्टी गरेको देखियो । यसरी जनसहभागिता घटी कट्टा गरेको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

| **ब.उ.शि.नं** | **गो.भौ.स./मित** | **योजना** | **कुलकामभएकोरकम** | **कार्यालयलेभुक्तानीगरेकोरकम** | **उपभोक्ता** |
|---|---|---|---|---|---|
| संघीयपूँजीगत | १५-०८०/११/२७ | गाडेचौरदेखिधोरेखोलासडकनिर्माणउपभोक्तासमिति | १४,१८,७१४ | १४,१८,७१४ | १,४१,८ |
| संघीयपूँजीगत | ४२-०८१/३/२२ | हिज्योतीमा.वि.भवननिर्माणउपभोक्तासमिति | ३८०३१६५ | ३८०३१६५ | ३८०३१ |
| गा.पा.पूँजिगत | ६६-०८१।१।११ | ताच सिकडा खानेपानी मर्मत | ५०४९८७ | ५००००० | ४५५१२ |
| **जम्मा** | | | | | **५६७६९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६७,६९९ |

२७ **नन्फाइलरलाई मअकर भुक्तानी**

मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २६ मा निर्धारित अवधि समाप्त भएको मितिले २५ दिनभित्र कर विवरण अनुसुची १० बमोजिमको ढाँचामा कर अधिकृत समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायअनुसार आपूर्तकलाई मुल्यअभिवृद्धि कर भुक्तानी दिएकोमा आन्तरिक राजस्व विभागको वेवसाइटमा पान सर्च गर्दा देहायको अवधिबाट नन्फाईलर रहेको देखियो । यसरी तोकिएको समयमा कर बिवरण पेश नगर्ने नन्फाईलर फर्महरुलाई भुक्तानी भएको मुअकर रु १,२०,७४५ को मुअकर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

| **गोश्वाराभौचररमिति** | **फर्मकोनामर पाननं.** | **करविजकनं** | **कुलभुक्तानी** | **भ्याट** | **कैफियत** |
|---|---|---|---|---|---|
| | विष्णदेवएण्डकन्ट्रक्सनप्रा.ली. (६०९७१२३६२) | ०६६।०८१।३।३ | १०४९५५७ | १२०७४५ | २०८०पुषदेखिभ्याटनन्फाइलर |
| जम्मा | | | | १२०७४५ | |

२८ **DPR जिन्सी दाखिला नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०० मा कार्यालयमा खरिद वा हस्तान्त्रणबाट प्राप्त जिन्सी सामान मुल्य समेत जिन्सी खातामा आम्दानी बाध्नु पर्ने व्यवस्था छ । पालिकाले रु ८६,९२,७०४/- खर्च गरी निम्न ९ थान DPR तयार गरेकोमा सो जिन्सी दाखिला नगरेकोको देखियो । यसरी तयार गरिएका DPR को जिन्सी दाखिला गरिनु पर्ने रु

| **बजेटउपशिर्षक** | **गोभौनरमिति** | **खर्चकोबिबरण** | **फर्म** | **रकमरु** | **कैफियत** |
|---|---|---|---|---|---|
| गा.पा.पूँजीगत | २०९।०८१।३।२४ | सर्किगाड गा.पा.गुरुयोजना | Bric कन्सल्टेन्सी प्रा.ली, ललितपुर | १८०२०० | ३ थान DPR जिन्सी दाखिला (PAMS) नभएको |
| | ४७।०८१।३।२४ | सर्किगाड गा.पा.गुरुयोजना | | १६२४५०४ | |
| | ६-०८०।४।२० | स्यालतडी-छ्यागी देखि बराइ सडकको DPR | सुरक्षा कन्सल्टेन्सी एण्ड विल्डर्स | १९७५००० | DPR जिन्सी दाखिला (PAMS) नभएको |
| | ७-०८०।४।२० | पानीमुल देखि जैर सडकको DPR | अल्फा विल्डर्स एण्ड डेभलर्स | १९७५००० | DPR जिन्सी दाखिला (PAMS) नभएको |
| **जम्मा** | | | | | ५७५४७०४ |

( ✂ ….. कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१,६९५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१,२४३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५७,५४,७०४ |

२९ **कन्टेजेन्सी रकम उपभोक्ता समितिलाई भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितीलाई निर्माण कार्यको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले कन्टिजेन्सी समेत रु ३६,५१,०३९ लागत अनुमान भएको हिमज्योति माध्यमिक विद्यालयको भवन निर्माण कार्य उपभोक्ता समितिसँग २०८०।१२।२६ मा खरिद सम्झौता गरि गरेको मा उपभोक्ता समितिले कन्टिजेन्सी रु ३६,५१,०३६ मा कार्युम्पन्न प्रतिवेदन पेश गरेकोमा कार्य पालिकाले देहायका गोश्वार भौचरबाट कन्टिजेन्सी रु १,५२,१२६ समेत रु ३८,०३,१६५ भुक्तानी गरेको देखियो । यसरी नियम विपरीत उपभोक्ता समितिलाई भुक्तानी गरेको कन्टिजेन्सी रकम सम्बन्धित उपभोक्तामा समितिबाट असुल गर्नुपर्ने रु

| **गो.भौ.नं** | **विवरण** | **रकम** |
|---|---|---|
| ४२-०८१/३/२२ | उपभोक्ता समितिलाई भुक्तानी | ३५५५६०५ |
| ४८-०८१/३/२४ | उपभोक्ता समितिलाई भुक्तानी | २४७५६० |
| **जम्मा** | | **३८,०३,१६५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५२,१२६ |

३० **दाखिला प्रमाण**

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।७।२० को निर्णयबाट आर्थिक बर्ष २०७७।७८ बाट अनिवार्य रुपमा नेपाल सरकारको तीनै तहका सबै सरकारी कार्यालयहरुले प्रयोग गर्नसक्ने गरी सरकारी सम्पतिको लेखाङ्कन र प्रतिवेदन तयार गर्न सम्पत्ति तथा दायित्व व्यवस्थापन प्रणाली (PAMS) लागू हुने निर्णय गरेको छ। पालिकाले निम्नानुसार मालसामान खरिद गरेकोमा यस प्रणालीमा जिन्सी आम्दानी बांधेको छैन।अत: सो मालसामान पाम्समा जिन्सी आम्दानी बांधी सोको प्रमाण पेश गर्नुपर्ने रु.

| गोभौनंरमिति | भुक्तानीपाउने | विवरण | रकम |
|---|---|---|---|
| १५३।०८१।३।७ | सुमेरुट्रेडकन्सर्न | ल्यापटपखरिद | २६५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६५,००० |

३१ **विद्यालयको लेखापरीक्षण**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१० र को बुंदा ५.४ मा प्रत्येक विद्यालयले अनिवार्य रुपमा सामाजिक परीक्षण गराई प्रतिवेदन स्थानिय तहमा पेश गर्ने तथा आर्थिक लेखापरीक्षण स्थानिय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराई सोको प्रतिवेदन स्थानिय तहमा पठाउनु पर्ने व्यवस्था उल्लेख छ ।यस पालिकावाट विभिन्न विद्यालयलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण बापत रकम निकासा भएकोमा अन्तिम लेखापरीक्षणमा उक्त प्रतिवेदन विद्यालयवाट पालिकामा पठाएको देखिएन ।अत: लेखापरीक्षणलाई अनिवार्य वनाई प्रतिवेदनको आधारमा लेखापरीक्षणबापतको रकम निकासा दिने व्यवस्था गर्नु पर्दछ ।

३२ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ को बुंदा (ङ) बमोजिम आ.व. को शुरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको विद्यार्थीको तथ्यांकको आधारमा कर्णाली अञ्चलका जिल्लामा स्थानिय तहले

प्रति विद्यार्थी दैनिक रु. २० का दरले पहिलो त्रैमासिकको वजेट निकासा गर्ने र बुंदा (घ) बमोजिम दोश्रो त्रैमासिकदेखि बजेट निकासा गर्दा विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक हाजिरी प्रमाणीत गराई स्थानिय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भएपश्चात् मात्र थप अनुदान दिने व्यवस्था मिलाउने र प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडी निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कको आधारमा दिवा खाजा बापतको रकम विद्यालयहरुलाई यस वर्ष रु. ९२९००००।- निकासा गरेको छ । पालिकामा विद्यालयले रकम निकासा माग गर्दा विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक मासिक हाजिरी दिन खुलाई प्रमाणीत गराई विद्यार्थीको हाजिरी सहित पेश गर्नुपर्नेमा हाजिर उतार गरी प्रतिलिपि मात्र पेश गरेको छ भने विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षबाट कक्षा गत विद्यार्थीको सङ्ख्यात्मक मासिक हाजिरी दिन खुलाई प्रमाणीत गरी पेश गरेको छैन । तसर्थ यसमा सुधार गर्नु पर्दछ

३३ **पाठ्यपुस्तक**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ को बुंदा (१) बमोजिम IEMIS मा प्रविष्ट भएको विद्यार्थीको तथ्यांकलाई स्थानिय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कागजात र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन र बुंदा (५) मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ को लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेश्रो त्रैमासिक भित्र अनुदान दिने तथा यसरी अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने एवं शैक्षिक सत्रमा भएको नयां भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कको आधारमा पाठ्यपुस्तक बापत विद्यालयहरुलाई यस वर्ष रु. २०९२४६२।- निकासा गरेको छ । ।पाठ्यपुस्तक निकासा गर्दा IEMIS र सोमा रजिष्टर्ड भएको प्रत्येक कक्षागत विद्यार्थीको कोड नम्वर सहितको विद्यार्थीको नामनामेसी विवरण संलग्न गर्नुपर्नेमा IEMIS संलग्न गरेपनि सोलाई पुष्टि गर्ने प्रत्येक कक्षागत विद्यार्थीको कोड नम्वर सहितको विद्यार्थीको नामनामेसी विवरण, पुस्तक खरिदको बिल तथा बुझेको भर्पाई पेश गर्नुपर्नेमा गरेको छैन ।अत: उक्त प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,९२,४६२ |

३४ **सामाजिक सुरक्षा**

३४.१ **परिचयपत्र नवीकरण :-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु आ.व.मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीमा तोकिएको समय र ढाँचामा सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्नेछ, यसरी परेको निवेदन लाभग्राही स्वंयम उपस्थित भई निवेदन गरेको भए निजको दस्तखत/सहिछाप रुजु गरी र अन्य (संरक्षक वा माथवर वा स्याहार सुसार गर्ने व्यक्ति) मार्फत निवेदन पेश गरेको भए निजको सनाखत गराई वडा सचिवले निवेदन रुजु गरी रित पुगेको भए वडा समितिमा पेश गर्ने र वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणालीमा प्रविष्टी गरी लाभग्राहीको परिचयपत्र नवीकरण गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाका वडा सचिवहरुले आर्थिक वर्षको सुरुमा नविकरणको लागि निवेदन आए सोहीअनुसार र बाँकीको हकमा विगत वर्षका सबै लाभग्राहीको एकमुष्टरुपमा नवीकरण गरी प्रणालीमा प्रविष्टि गरेको देखिन्छ । मृत्यु भइसकेका व्यक्तिहरुको समयमै मृत्यु दर्ता नगर्ने तथा एकमुष्ट रुपमा नवीकरण गर्दा मृत्यु भएका व्यक्तिहरुको पनि नविकरण हुने सम्भावना रहेको देखिएकोले यसमा सुधार गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई मितव्ययी,,पारदर्शी र प्रभावकारी बनाइनु पर्दछ ।

३४.२ **निष्कृय खाताको विवरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले लाभग्राहीका खाताहरु मध्ये निष्कृय खाताको विवरण (एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण) सम्बन्धित स्थानिय तहलाई दिनु पर्ने व्यवस्था छ, साथै बुंदा २६(३) मा एक आर्थिक वर्षसम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा

कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले सम्वन्धित बैंकबाट विवरण लिई छानविन गरेको छैन । कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिहरुको छानविन गरी बढी भुक्तानी भएको देखिएमा सो रकम संघीय संचितकोषमा दाखिला गर्नुपर्दछ ।

३४.३ **पारदर्शिता कायम गर्नुपर्ने-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहले भुक्तानी गरेको रकम बुझी लिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयहरुका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नु पर्ने, साथै उपदफा ३ मा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेवसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली वेवसाइटमा राख्नु पर्नेमा राखेको छैन । सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियालाई पारदर्शी बनाउन गाउँपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली वेवसाइटमा समेत राख्नु पर्दछ ।

## ३५ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरण समावेश भएको खर्च रकम मध्ये तलब (स्वीकृत दरबन्दी), महङ्गी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घरभाडा, पोशाक, सेवा निवृत्त सुविधा र वार्षिक कार्यक्रममा समावेश भएको सम्झौता बमोजिमको खर्चको भुक्तानी दिन बाँकी रहेमा चालु आर्थिक वर्षको बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराई सम्बन्धित कार्यालयले भुक्तानी दिन सक्ने व्यवस्था छ । गाउँपालिकाले गतवर्षको भुक्तानी दिन बाँकी दायित्व एकमुष्ठ रुपमा चालु आर्थिक वर्षको बजेटमा विनियोजन गरेको रकमबाट नियमावलीमा उल्लेखित खर्च शिर्षकमा नपर्ने देहायअनुसार खर्च शिर्षकमाहरुमा विना पुष्ट्याई रु ४३,७५,७५० भुक्तानी गरी खर्च लेखेको छ । यसरी नियमावली विपरित गतवर्षको दायित्व सृजना गरी भुक्तानी गर्न नमिल्ने खर्च शिर्षकमा लेखेका खर्चहरु नियमसम्मत नभएको रु

| गो.भौ नं/मिति | खर्चको विवरण | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|---|
| ४-०८०/४/१९ | खाना/खाजा वापत विभिन्न होटलका २५ वटा विल समावेश गरि भुक्तानी | बैक जम्मा भौचर समावेश नहुदा कसको नाममा भुक्तानी भएको एकिन नभएको | २०,००,००० | प्रयोजन नखुलेको |
| ४-०८०/४/२२ | खाना/खाजा वापत विभिन्न ४ वटा होटलका २६ वटा विल समावेश गरि भुक्तानी | का.स.श्री तुलराज रोकाया | ४,९०,००० | प्रयोजन नखुलेको |
| ११-०८०/४/२२ | खाना/खाजा वापत विभिन्न ४ वटा होटलका २६ वटा विल समावेश गरि भुक्तानी | का.स.श्री तुलराज रोकाया | ४,९०,००० | प्रयोजन नखुलेको |
| १४-०८०/४/३० | खाना/खाजा वापत विनोद होटलका ३५ वटा र अन्य होटलका ९ वटा विल समावेश गरि भुक्तानी | बैक जम्मा भौचर समावेश नहुदा कसको नाममा भुक्तानी भएको एकिन नभएको | १२,७१,७०० | प्रयोजन नखुलेको |
| २६९-०८०/१२/२८ | खाना/खाजा वापत भुक्तानी रु २००,००० मध्ये गत आ व | हेभन होटल एण्ड लज | १,२४,०५० | प्रयोजन नखुलेको |
| | **जम्मा** | | **४३,७५,७५०** | |

| | |
|---|---|
| अनियमित भएको | ४३,७५,७५० |

## ३६ बितरणमुखी कार्यक्रम

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने

उल्लेख छ । पालिकाले उल्लिखित व्यवस्था अनुरुप योजना तयार नगरी निम्नानुसार अनुउत्पादक तथा बितरणमुखी कार्यक्रममा समेत खर्च गर्ने गरेको देखियो । साथै समानहरु खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुरुप लागत अनुमान समेत तयार नगरी खरिद गरेको देखिन्छ । यसरी पट्के निर्णयको आधारमा र खास प्रतिफल प्राप्त नहुने कार्यक्रममा खर्च गर्ने र खरिद गर्दा सार्वजनिक खरिद नियमावलीले तोकेको प्रक्रिया समेत पुरा नगर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

| **भौ नं र मिति** | **कामको विवरण** | **रकम** |
|---|---|---|
| ४२५-०८१।३।१९ | २५ जनालाई खरायो वितरण | ४५०००० |
| २९६-०८१।१।२१ | रोयल गैरीसाँया युक्वा क्लवलाई म्याराथुन दौड प्रतियोगिताको लागि खर्च | ३००००० |
| २०४-०८०।९।२३ | १५ जना सुत्केरी र ११ जना अपाङ्ग व्यक्तिलाई चामल,नुन,तेल,साबुन लगायतका सामग्री वितरण | ११०००० |
| **जम्मा** | | **८,६०,०००** |

३७ **स्थानीय भत्ता**

नेपाल सरकार मन्त्रिपरिषदको २०७१।३।२९ को निर्णयबाट अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको मिति २०७१।४।२ चलानी नम्वर ५ वाट महालेखा नियन्त्रक कार्यालयलाई लेखेको पत्रको बुँदा नं २ (घ) मा एक वर्षमा पटक-पटक गरी ३० दिनसम्मको विदामा बसेको कर्मचारीलाई मात्र स्थानीय दिन सकिने व्यवस्था छ । पालिकाले अधिकृतस्तर छैटौ पदमा कार्यरत नर रावतलाई एक वर्षमा ३० दिन भन्दा बढी समय घर विदा स्वीकृत गरी विदामा रहेको अवस्थामा पनि स्थानीय भत्ता भुक्तानी गरेको देखिएको ले सो रकम एकीन गरी असूल गरिने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,१०८ |

३८ **संचयकोष र नागरिक लागानी कोष बढी भुक्तानी**

कार्यालयले संचयकोष तथा नागरिक लगानी कोष हिसाव गर्दा आधारभुत तलबबाट हिसाव गर्नुपर्दछ । गाउँपालिकाले देहायका कर्मचारीलाई संचयकोष थप र नागरिक लगानी कोष थप हिसाव गर्दा प्रोत्साहन रकमसमेतको दरबाट हिसाव गरी भुक्तानी दिँदा देहायअनुसार रु.9640. बढी भुक्तानी भएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | कर्मचारीको नामथर | पद | संचयकोष बढी भुक्तानी | नागरिक लागनी कोष बढी भुक्तानी | जम्मा बढी भुक्तानी |
|---|---|---|---|---|---|
| 1 | भिम बहादुर शाही | वास प्राविधिक | ४२७७ | ३५६३ | ९६४० |
| | **जम्मा** | | | | ९६४० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१०,४११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **८,२६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **८,२६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **९,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **९,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ९,६४० |
|---|---|

## ३९ असम्बन्धित खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको यकिन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायबमोजिम पालिका तथा वडा स्तरमा खानेपानी योजना तथा सरसफाई अनुगमन प्रणालीको विकासकार्यका लागि विनियोजन भएको बजेटबाट वृत्तचित्र निर्माण गर्दा सो वृत्तचित्रमार्फत योजना अनुगमन गर्न नसकिने भएकोले यस्तो असम्बन्धित खर्च रकम रु १००००० नियमसम्मत नभएको रु

| गो.भौ. र मिति | विनियोजन भएको शीर्षक | खर्चको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ५३०।०८१। ३।१९ | पालिका तथा वडा स्तरमा खानेपानी योजना तथा सरसफाई अनुगमन प्रणालीको विकास | मसान्ते बहादुर थापाबाट वृत्तचित्र निर्माण | १००००० | वृत्तचित्रमार्फत योजना अनुगमन गर्न नसकिने |

| अनियमित भएको | १,००,००० |
|---|---|

## ४० करारलाई महंगि भत्ता

नेपाल सरकार अर्थ मन्त्रालयलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७७।७८ चलानी नं १०३ मिति २०७८।३।२४ को पत्रबाट नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई मासिम रुपमा महंगि भत्ता उपलब्ध गराउने सम्बन्धी व्यहोराका सम्बन्धमा कानूनमा यस किसिमको व्यवस्था नभएकोले महंगि भत्ता उपलब्ध गराउन नसकिने निर्णय गरी मिति २०७९।१।२१ मा जानकारी गराएको देखिन्छ । साथै खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) इकाईका कर्मचारी भर्ना छनौट तथा परिचालन कार्यविधि (सेटेम्बर, २०२२) बुँदा नं ६ मा वाश (WASH) इकाईका कर्मचारीहरुको तलब तथा सेवा सुविधा सम्बन्धमा नेपाल सरकारको आधारभूत तलब र दुर्गम भत्ता लगायत अन्य सेवा सुविधा उल्लेख भए पनि महङ्गी भत्ता सम्बन्धमा व्यवस्था गरिएको छैन्। गाउँपालिकाले देहायबमोजिम करार कर्मचारीलाई रु.24००० महंगी भत्ता उपलब्ध गराएको छ । भुक्तानी दिन नमिल्ने महंगी भत्ता सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | कर्मचारीको नामथर | पद | महंगि भत्ता रकम |
|---|---|---|---|
| 1 | भिम बहादुर शाही | वास प्राविधिक | २४००० |
| | जम्मा | | २४००० |

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | २४,००० |
|---|---|

४१ **निर्धारित दरभन्दा बढी भुक्तानी**

४।०८०।९।२४ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले कुनै विल वा विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्यसम्दानको आधारमा समेत भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले चुलेसा देखी ओखलढुङ्गा सम्म सिँचाई निर्माण योजनाको लागत अनुमान र दर विष्लेषणमा 110mm(4”) dia. HDPE Pipe laying with butt welded joints including fittings कार्यको प्रतिमिटर दर ५२९।७४ निर्धारण गरेकोमा ६९७।३० का दरले भुक्तानी गर्दा लागत अनुमानमा भन्दा १६७।५६ बढीका दरले १०९० रनिङ मिटरको रु १८२६४० बढी भुक्तानी भएको पाइयो । बढी भुक्तानी रकम चुलेसा देखी ओखलढुङ्गा सम्म सिँचाई निर्माण उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु

| असुल गर्नुपर्ने | १,८२,६४० |
|---|---|

४२ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१क) मा दश लाख रुपैंयासम्मको लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने तथा १(ख) मा उपनियम १ र १(क) मा जुनसुकै कुरा लेखिएको भए तापनी एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सो सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले देहायअनुसार खरिद गर्दा टुक्रा पारी रु १८४७९०० को खरिद गरेको पाइयो सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । साथै विशाल साइन्स एण्ड सर्जिकल सप्लायर्सबाट सीमाभन्दा बढी रु १९२६०५६ को सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु

| गो.भौ. र मिति | आपुर्तक | खरिदको विवरण | सिमाभन्दा बढीको खरिद | सिमाभित्रको खरिद |
|---|---|---|---|---|
| ३१६।०८०।११।१८ | विशाल साइन्स एण्ड सर्जिकल सप्लायर्स | २२० थान न्यानो झोला | २१९९९८ | |
| ३१७।०८०।११।१८ | विशाल साइन्स एण्ड सर्जिकल सप्लायर्स | ४८ प्रकारका औषधि खरिद | ९९७०५८ | |
| ३६३।०८१।१।२१ र २९९।८१।१।२२ | इश्वर आयु मेडिसिन सप्लायर्स | औषधि खरिद | | ६९९९०० |
| ५१०।०८१।३।१८ | विशाल साइन्स एण्ड सर्जिकल सप्लायर्स | ४२ प्रकारका औषधी खरिद | ७०९००० | |
| ५११।०८१।३।१८ र ४१८।०८१।३।१८ | इश्वर आयु मेडिसिन सप्लायर्स | २२ प्रकारका औषधी खरिद | | १५०००० |
| ३२५।०८१।२।१० | घोडाघोडी फार्मेसि | औषधि खरिद | | ९९८००० |
| | **जम्मा** | | **१९२६०५६** | **१८४७९००** |

| अनियमित भएको | १९,२६,०५६ |
|---|---|

४३ **खर्चको पुष्ट्याई**

आर्थिक कर्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायअनुसारको कार्यक्रममा रु ७२९६०० खर्च गरेकोमा खर्च पुष्ट्याई हुने कागजात संलग्न गरेको पाइएन । उक्त प्रमाण पेश हुनुपर्ने रु

| गो.भौ. र मिति | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| ४६३।०८१।३।११ र १२६।३।१२ | सुरक्षित शौचालयका सूचक तथा मुख्य संरचनाको जानकारी सहित सूचना वोर्ड | ५१००० | २८ वटा सूचना वोर्ड जडानको प्रमाण पेश नभएको |
| ३७१।०८१।१।२२ | अति विपन्नलाई सहयोग कार्यक्रम | ८९००० | ६८ जनालाई १५ केजिको दर र १३ जनालाई २५ केजिको दरले सिमेन्ट वितरण गरेकोमा उक्त सामग्रीबाट भएको निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश नभएको । |
| ५१३।०८१।३।२८ र १७१।०८१।३।१८ | पालिकास्तरीय वास योजना अद्यावधिक गर्ने | १६९००० | वास योजना पेश नभएको |
| ५२०।०८१।३।१८ | खानेपानी योजनाको मर्मत सम्भार योजना तथा संचालन योजना तयारी | ६७८०० | खानेपानी योजनाको मर्मत सम्भार योजना तथा संचालन योजना पेश नभएको |
| ५५६।०८१।३।२२ र २०२।०८१।३।२२ | समुदाय स्तरमा बन्चितिकरणमा परेका समुदायलाई समेटने कार्यविधि निर्माण | ८६८०० | समुदाय स्तरमा बन्चितिकरणमा परेका समुदायलाई समेटने कार्यविधि पेश नभएको |
| | **जम्मा** | **४६३६००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६३,६०० |

### ४४ नर्म्स वेगर भुक्तानी

५२४।०८१।३।१९ आर्थिक कर्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सद्भावना दुतको परिचालन कन्सर्ट कार्यक्रम शीर्षकबाट देहायबमोजिमको दरले कन्सर्टमा सहभागि कलाकारलाईसमेत रु १४१५०० भुक्तानी दिएको पाइयो । सो अनुसार भुक्तानी दिने नर्म्स वेगर भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु

| कलाकारको नाम | भुक्तानी दिएको दिन | भुक्तानी दिएको दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| रेखा जोशी | ४ | २६७५० | १०७००० | |
| इब्सन सन्ज्याल | ४ | ६१२५ | २४५०० | |
| तुल्सी वि.क. | ४ | २५०० | १०००० | |

| | |
|---|---|
| अनियमित भएको | १,४१,५०० |

### ४५ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत

पालिका अन्तर्गत ८ वडामा १२ योजना सञ्चालन गरी यस वर्ष ९२ जनालाई औसत ९७ दिनले रोजगारी उपलव्ध गराई रु ६०१३४४७ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। तसर्थ निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

४६ **ग्रेड बढी भुक्तानी**

निजामती सेवा २०४९ को दफा २७ मा एक वर्ष सेवा अवधि पुरा भएपछि एक ग्रेड पाउने व्यवस्था छ । गाउँपालिकाले जन स्वास्थ्य निरीक्षक उर्मिला बुढालाई २ वर्ष सेवा अवधि पुरा भएपछि दुई ग्रेड भुक्तानी गर्नुपर्नेमा ३ ग्रेड भुक्तानी भएकोले एक ग्रेडको १४५६ का दरले ५ महिनाको तलब र संचयकोष थप समेत रु ८००८ बढी भुक्तानी भएको पाइयो । बढी भुक्तानी भएको ग्रेड रकम सम्बन्धितबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००८ |

४७ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले कुनै विल वा विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्यसम्दानको आधारमा समेत भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकले देहायबमोजिम योजनाको लागत अनुमान तयार गर्दा र भुक्तानी दिँदा बाँके जिल्लाको दररेटलाई आधार मानि ढुवानी समेतको हिसाव गरी मानिस द्वारा बनाएको ग्याविन जालिको भुक्तानी दिएको तर उपभोक्ता समितिले मेसिनद्वारा बनाइएको ग्याविन जाली प्रयोग गरेको श्रेष्ताबाट देखिएकोले वास्तविकता छानविन गरी मेसिनद्वारा बनाईएको ग्याविन जाली प्रयोग भएकोमा देहायअनुसारको रु २७८१०० बढी भुक्तानी भएको रकम छानविन गरी असुल गर्नुपर्ने रु

| गो.भौ. | योजना/उस | भुक्तानी रकम | ग्याविन संख्या( **Hexagonal mesh size 100mm*120 mm . mesh wire 10 SWG and selveged wire 7 SWG)** | मानिसबाट बनाइएको ग्याविनको दर बाँके जिल्लादररेट अनुसार दर विश्लेषणबाट आउने ढुवानी बाहेक | मेसिनबाट बनाइएको ग्याविनको दर बाँके जिल्लाको ढुवानी बाहेक | प्रति इकाई जालिको बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २५।०८१।२।२४ | लेखबाटोको पहिरो नियन्त्रण उस | ९४६१७० | **3*1*1** को २६ | ७०७० | ५२३७ | १८३३ | ४७६५८ |
| | | | **2*1*1** को २२ | ४८८९ | ३६८९ | १२०० | २६४०० |
| २६।०८१।२।२४ | माथिल्लो मुण्डी गाउँमुनी तटबन्ध वडा नं ४ उस | ९०५३६० | **3*1*1** को २८ | ७०७० | ५२३७ | १८३३ | ५१३२४ |
| | | | **2*1*1** को २४ | ४८८९ | ३६८९ | १२०० | २८८०० |
| ४३।०८१।३।१८ | गुसा मुजेडा तटबन्ध निर्माण योजना उस | ७७८९७८ | **3*1*1** को २३ | ७०७० | ५२३७ | १८३३ | ४२१५९ |
| | | | **2*1*1** को २७ | ४८८९ | ३६८९ | १२०० | ३२४०० |
| ४५।०८१।३।१९ | भिउपाटन देखी सिमाली आवाशिय विद्यालय सम्म सडक निर्माण उस | १३६२५१ | **3*1*1** को २३ | ७०७० | ५२३७ | १८३३ | ४२१५९ |
| | | | **2*1*1** को ६ | ४८८९ | ३६८९ | १२०० | ७२०० |
| | | **जम्मा** | | | | | **२७८१००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७८,१०० |

४८ **जिन्सी दाखिला**

महालेखा नियन्त्रकको कार्यालयले सबै सरकारी निकायले जिन्सी साग्रीको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अनिवार्य रुपमा अभिलेख राख्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाबाट गत विगतमा खरिद भएका सबै जिन्सी सामग्रीको अभिलेख पाम्समा अद्यावधिक गरेको पाइएन । साथै यस वर्ष खरिद भएका देहायका जिन्सी सामग्रीको अभिलेख पाम्समा राखेको पाइएन । पाम्समा जिन्सी अभिलेख बाँधेको प्रमाण पेश हुनुपर्ने रु

| गो.भौ. | आपूर्तक | खरिदको विवरण | रकम |
|---|---|---|---|
| २८८।०८०।९।२३ | आउटलुक सप्लायर्स | प्रिन्टर, हार्डडिस्क,स्पिकर लगायतका सामग्री | ८९७५६ |
| ४३०।०८१।३।४ | इन्भाइरोमेन्ट मेनेजमेन्ट एण्ड एनालाइसिस सर्भिसेज प्रा लि काठमाडौ | वाटर टेष्ट किट | ५३३७३८ |
| ५३१।०८१।३।१९ | ज्वाला इलेक्ट्रोनिक्स होम | इन्भटर व्याट्री, इन्भटर, सोलार पाता खरिद | ७०२०० |
| ४८९।०८१।३।२५ | असिम अटो पार्टस | पल्सर २२० सिसि<br>Engine no : DKXCMR30129 | ४१३४३० |
| | **जम्मा** | | **११०७१२४** |

| प्रमाण पेश नगरेको | ११,०७,१२४ |
|---|---|

४९ **दोहोरो भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **६७,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५० **स्तरवृद्धि पछि समायोजन ग्रेड**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **२४,०२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१६,०१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५१ **कर कट्टी नगरेको**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **ब.उ.शि.नं** | **गो.भौ.स./मित** | **फर्मकोनाम** | **खर्चकोविवरण** | **भुक्तानीरकम** | **करकट्टीगर्नुपर्नेरकम** | **करकट्टीगरेको** | **नपुगकररु** |
|---|---|---|---|---|---|---|---|
| गा.पा.चालु | १३-०८०/४/२६ | रोयलअर्डरसप्लायर्स | मसलन्दतथाकार्यालयसामग्री | ६०००३० | ७९६५ | ० | ७९६५ |
| | ७-०८०/४/२० | जसअटो पार्टस | सवारी साधन मर्मत | ३००००० | ३९८२ | ० | ३९८२ |
| **जम्मा** | | | | | | | **११९४७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,९४७ |

५२ **जिन्सी दाखिला र हस्तान्तरण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०० मा कार्यालयमा खरिद वा हस्तान्त्रणबाट प्राप्त जिन्सी सामान मुल्य समेत जिन्सी खातामा आम्दानी बाध्नु पर्ने व्यवस्था छ । कार्यालयलको जिन्सी खातामा आम्दानी गरी सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरेको र विद्यालयले आफ्नो जिन्सी खातामा आम्दानी गरेको प्रमाण पेश गर्नुपर्ने रु

| सि.नं | समानकोनाम | परिमाण | दर | भ्याटसमेतजम्मारु |
|---|---|---|---|---|
| १ | ल्याकटप | २ | ५४३२७ | १२२७७९ |
| २ | प्रिन्टर | ४ | २६१०६ | ११७९९९ |
| ३ | मल्टिपलर | २६ | ५०० | १४६९० |
| ४ | डेक्स्टपकम्प्यूटर | १ | ६१०६१ | ६८९९८ |
| ५ | इन्भटर | १५ | १७५०० | २९६६२५ |
| ६ | डि.एस.एल.आर. क्यामरा | २ | १७३५३९ | ३९२१९८ |
| ७ | आइप्याड | १ | ६९७५० | ७८८१७ |
| | जम्मा | | | १०९२१०६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,९२,१०६ |

५३ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ३०००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु १४६४७७४ अर्थात अनुमान भन्दा ५१.१७ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

५४ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

५५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

५६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७८२४०४७४ | १४६४७७४ | ०. ३८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सर्केगाड गाउँपालिका, हुम्ला , सर्केगाड गाउँपालिका , हुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | उब्जन रोकाया | २०८१-६-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | bhumika khanala | २०८०-१०-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,८२०,३०६ | १०,७६५,४३३ | १४,२१२,९९६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २७,७९८,७३५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३,२३६,१६७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २४,५६२,५६८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २५९०६२८३ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २९४८१८२२८ | चालु खर्च | २६०१७३२६३ |
| प्रदेश सरकारबाट अनुदान | ६०४१५७२३ | पूँजीगत खर्च | ११९५७७५१८ |
| राजश्व बाँडफाँट | १४६४७७४.० | वित्तीय/अन्य व्यवस्था | १०३३६१६८९ |
| आन्तरिक आय | ६४१३८३८७ | | |
| अन्य आय | ७१६८०१२३ | | |
| कुल आय | ४९२५१७२३५ | कुल खर्च | ४८३११२४७० |
| बाँकी मौज्दात | | ३५३११०४८ | |

# सुझाव

स्थानीय तहबाट प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरी जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।